मोक्षदा अम्गाई

जन्म : २०५९ मङ्सिर ११

सुलिकोट गाउँपालिका-७, देउराली, गोरखा

माता/पिता : बिना भट्ट/केशरी अम्गाई

अध्ययन : हिमरश्मी हाईस्कुल, मनमैजु, काठमाडौं

पुरस्कार : उपत्यकाव्यापी कथा लेखन प्रतियोगिता २०७३ (तृतीय)

उपत्यकाव्यापी वक्तृत्वकला प्रतियोगिता २०७३ (द्वितीय)

मोक्षदा अम्गाईका बालकथाहरूले नेपाली बालबालिकाले भोगदैआएका समस्याहरूलाई अत्यन्त सूक्ष्मतापूर्वक केलाएका छन् र तिनको समाधानका लागि अभिभावक र बालबालिकालाई सचेतसमेत गराएका छन् । सञ्चार प्रविधिको सही प्रयोग गर्दा हुने लाभ र गलत प्रयोगबाट हुने बेफाइदा दुवै पक्षलाई उनले आफ्ना कथामा केलाएका छन् । यसले बालबालिकाका समस्याबारे उनी कति जानकार छिन् भन्ने पनि प्रष्ट हुन्छ । नौ वटा कथाहरूको यो सङ्ग्रह उनको प्रतिभाको ज्वलन्त उदाहरण पनि हो । विषयवस्तुका दृष्टिले मात्र नभई विषयलाई प्रस्तुत गर्ने उनको शैली र भाषा पनि उत्तिकै आकर्षक छ । यसले कथाका तत्त्वबारे उनको ज्ञान पनि स्पष्ट छ भन्ने देखाउँछ । आफ्नो पहिलो कृति प्रकाशन हुन लागेको यस घडीमा म मोक्षदाको उज्ज्वल साहित्यिक जीवनको कामना गर्छु र कृतिका लागि हार्दिक बधाई दिन्छु । बधाई मोक्षदा ! हार्दिक बधाई !!

प्रमोद प्रधान

मिठो खाना, राम्रो नाना र महँगो स्कुल यी तीन कुरा पुऱ्याउन सक्यो भने सन्तानप्रति आफ्नो जिम्मेवारी पूरा हुन्छ भन्ने अधिकांश अभिभावकहरू ठान्छन् । त्यस्तै, रटाएर हुन्छ कि ठटाएर हुन्छ विद्यार्थीले परीक्षामा धेरै अङ्क ल्याए भने कतिपय शिक्षक र विद्यालयले आफ्नो दायित्व पूरा भएको ठान्छन् । बालबालिका र किशोर किशोरीहरूलाई अति-उपदेश दिनुपर्छ भन्ने पुरानो मान्यता कायमै छ । उनीहरूको समस्या, विचार र कुरा सुन्नु पर्छ भन्ने सोचाइको विकास भएको छैन । उनीहरूले लेखेको साहित्य पनि साहित्य हो र ? भन्ने सोच्ने, बेवास्ता गर्ने बानी धेरै मानिसमा छ ।

बालबालिकालाई योग्य र उपयोगी नागरिक बनाउने हो भने उनीहरूको कुरा नसुनी हुँदैन । बालबालिका र किशोर किशोरीहरूले आफ्नो मनका कुरा निसङ्कोच आफ्ना अभिभावक त था शिक्षकहरूलाई भन्न सक्ने वातावरण भएन भने उनीहरू जीवन का महत्त्वपूर्ण विषयमा दिशाहीन हुन सक्छन् । सिर्जनशील लेखन अभिव्यक्तिको सशक्त र सुन्दर माध्यम हो । यसको उपयोग गर्ने क्षमता र सीप सानैदेखि विकास गर्न सक्यौं भने जीवनका हरेक क्षेत्रमा यो काम लाग्छ ।

यस पुस्तकमा सङ्कलित मोक्षदाका दस वटा कथाले नवकिशोरहरूको आधुनिक सञ्चार प्रविधिको प्रयोगसहित मनोवैज्ञानिक, शैक्षिक तथा सामाजिक विषयहरूसँग सम्बन्धित विभिन्न समस्याहरू स्पष्ट पार्ने प्रयास गरेका छन् । यी कथाहरू लेखकका समवयी पाठकहरूका लागि मात्रै होइन अभिभावक तथा शिक्षकका लागि पनि मननीय छन् । विषयवस्तुको महत्ता र शैलीको परिपक्वतालाई हेर्दा मोक्षदाबाट नेपाली बाल तथा किशोर साहित्यमा धेरै योगदानको आशा गर्नु स्वाभाविक हो । हार्दिक शुभकामना ।

विनय कसजू

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

www.bspublication.com

bibeksirjanshil@gmail.com

9789937312455

मूल्य रु. १००/-

इभेरी र इन्टरनेट

मोक्षदा अम्गाई